# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६२/६३ को पहिलो पाँच महिनाको तथ्याङ्कमा आधारित)*


**नेपाल राष्ट्र बैंक**

**फाल्गुण २०६२**

***www.nrb.org.np***

# कार्यकारी सारांश

## मौद्रिक स्थिति

१. आर्थिक वर्ष २०६१/६२ मा २.५ प्रतिशतले बढेको मौद्रिक योगाङ्क (विस्तृत मुद्राप्रदाय) को वृद्धिदर आर्थिक वर्ष २०६२/६३ को प्रथम पाँच महिनामा ४.८ प्रतिशत रहन गयो ।

२. विप्रेषण आयबाट खूद वैदेशिक सम्पतिमा भएको वृद्धिले गर्दा मुद्राप्रदाय उच्च दरले बढेको हो ।

३. बैकिंग क्षेत्रको श्री ५ को सरकारमाथिको दाविको विस्तार सामान्य रह्यो । निजी क्षेत्रमा प्रवाह हुने कर्जाको वृद्धिदर पनि सामान्य नै रह्यो । आयातमा वृद्धि भए पनि व्यापारिक साखबाट भुक्तानी गरिएको हुँदा निजी क्षेत्रतर्फ विस्तार भएको कर्जाको वृद्धिदर सामान्य रह्यो । वाणिज्य बैंकहरूले ऋण असूलीमा तदारुकता देखाएका हुँदा पनि निजी क्षेत्रमा उच्च दरले ऋण प्रवाह नभएको हो ।

४. विप्रेषण आयको वृद्धिबाट अधिक तरलतामा केही वृद्धि आएता पनि नेपाल राष्ट्र बैंकद्वारा गरिएको खुला बजार कारोबारको फलस्वरुप अधिक तरलता समग्रमा न्यून नै रह्यो जसले गर्दा २०६२ मार्ग महिनामा अल्पकालीन व्याजदरहरू गत वर्ष सोही महिनामा भन्दा केही न्यून रहे ।

५. अन्तरबैंक कारोवार दर उल्लेखनीय रुपमा बढेको कारण मुद्रावजारको सघनता बढेको छ । यसले गर्दा स्थायी तरलता सुविधा अन्तर्गत गत वर्ष बाणिज्य बैंकहरूले रु. २२ अर्व ३४ करोड ऋण लिएकोमा समीक्षा अवधिमा जम्मा रु. १ अर्ब १७ करोड मात्र ऋण उपयोग गरेका छन् ।

## शेयर बजार

६. समीक्षा अवधिमा नेपाल धितोपत्र बोर्डले छवटा वित्तीय संस्थाहरूलाई साधारण शेयर, अग्राधिकार शेयर र डिवेन्चर जारी गर्ने स्वीकृति दियो । उक्त अवधिमा रु ३७.८५ करोड बराबरको शेयर र डिवेन्चर जारी भयो ।

७. आर्थिक वर्ष २०६२/६३ को प्रथम पाँच महिनामा सूचीकृत भएका संस्थाहरू, वजार पूँजीकरण, सूचीकृत शेयर संख्या र नेप्से सूचकांकको आधारमा हेर्दा शेयर वजार विस्तार भएको छ । विन्दुगत आधारमा नेप्से सूची ६७.७४ विन्दु (२८.२ प्रतिशत) ले बढी २०६२ मङ्सिर मसान्तमा ३०३.१ पुगेको छ ।

८. समीक्षा अवधिमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १३ प्रतिशत रहेको छ । गत वर्ष यस्तो अनुपात ९.४ प्रतिशत रहेको थियो । धितोपत्र बजारको तरलताको परिसूचक (कारोबारको बजार पूँजीकरण संगको अनुपात) २०६१ मङ्सिर मसान्तमा ०.३४ प्रतिशत रहेकोमा यस वर्षको सोही अवधिमा बढेर ०.४७ प्रतिशत पुगेको छ ।

### प्रकट मुद्रास्फीति (Headline Inflation)

९. वार्षिक बिन्दुगत मुद्रास्फीति गत वर्ष ३.१ प्रतिशतले मात्र बढेकोमा २०६२ मङ्गसिर मसान्तमा ८.८ प्रतिशतले बढेको छ । गत वर्षको विपरीत समीक्षा अवधिमा खासगरी चामल र चामलजन्य पदार्थको आकस्मिक मूल्यवृद्धिले गर्दा मुद्रास्फीतिमा चाप पर्न गएको छ। तरकारी र फलफूल उपसमूहको बढेको मूल्य र गत वर्षको पौष महिना र चालु वर्षको भाद्र महिनामा गरिएको पेट्रोलियम पदार्थको मूल्यवृद्धिले मूल्य सूचकाङ्कमा अझै पनि प्रभाव पारिरहेको छ । त्यस्तै गत माघ महिनामा मूल्य अभिवृद्धि करको दर १० प्रतिशतबाट बढाएर १३ प्रतिशत बनाइएको प्रभाव पनि मूल्यवृद्धिमा कायमै रहेको छ । आर्थिक वर्ष २०६२/६३ को वार्षिक औसत प्रकट (Headline) मुद्रास्फीति करीव ७.० प्रतिशतको हाराहारीमा रहने संशोधित अनुमान छ।

### तात्विक मुद्रास्फीति (Core inflation)

१०. प्रकट मुद्रास्फीति ८.८ प्रतिशतले बढेपनि चामल तथा चामलजन्य पदार्थ, तरकारी र फलफुल, इन्धन, बत्ती र पानी, र यातायात उपसमूह हटाएर निकालेको तात्विक मुद्रास्फीति (core inflation ) भने ४.४ प्रतिशतले मात्र बढेको छ। गत वर्ष तात्विक मुद्रास्फीति ३.१ प्रतिशत रहेको थियो । अन्तर्राष्ट्रिय वजारमा पेट्रोलियम पदार्थको मूल्य वृद्धिले सिर्जित मूल्य बढ्ने अपेक्षा र मूल्य अभिवृद्धि करको दरमा गरिएको वृद्धिको असर ( जुन तात्विक मुद्रास्फीति निकाल्दा हटाउन सकिएको छैन) ले गर्दा पनि तात्विक मुद्रास्फीति गत वर्ष भन्दा बढी हुन गएको हो।

### सरकारी वित्त स्थिति

११. आर्थिक वर्ष २०६२/६३ को पहिलो पाँच महिनासम्ममा नगद प्रवाहमा आधारित समग्र सरकारी वित्त स्थिति गत वर्षको यसै अवधिको तुलनामा विस्तारकारी रह्यो । समीक्षा अवधिमा बजेटरी संतुलन/असन्तुलनको स्थिति भने मिश्रित प्रकारको रहेको छ।

१२. वित्तीय घाटा कुल सरकारी खर्चको अनुपातमा गत वर्ष नगन्य अर्थात १.७ प्रतिशत रहेकोमा समीक्षा अवधिमा १.९ प्रतिशत रहेको छ। स्थानीय निकायहरुको खातामा रहेको रु. २ अर्ब ६५ करोड हटाउँदा वित्तीय घाटा कुल सरकारी खर्चको १०.५ प्रतिशतसम्म पुग्न जान्छ। पूँजीगत खर्चमा आएको बढोत्तरीले गर्दा वित्तीय घाटा उल्लेखनीय रुपमा विस्तार हुन गएको हो।

१३. राजस्व संकलन गत वर्ष ५.९ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा ९.८ प्रतिशतले वृद्धि भएको छ । साँवा भुक्तानीमा आएको कमीका कारण राजस्व घाटामा गत वर्षको तुलनामा सुधार आएको छ।

१४. प्राथमिक घाटा समीक्षा अवधिमा कुल सरकारी खर्चको ४.२ प्रतिशतले बचत रहन गयो जबकि गत वर्ष ६.० प्रतिशतले बचत रहेको थियो। स्थानीय निकायको खातामा रहेको रु. २ अर्ब ६५ करोड हटाउँदा भने प्राथमिक घाटा समीक्षा अवधिमा कुल सरकारी खर्चको ४.५ प्रतिशत हुन जान्छ।

**बाह्य क्षेत्र**

१५. गत वर्ष ८.५ प्रतिशतले बढेको व्यापार घाटा आर्थिक वर्ष २०६२/६३ को प्रथम पाँच महिनामा २०.२ प्रतिशतले बढेको छ ।

१६. समीक्षा अवधिमा निर्यात ६.८ प्रतिशतले बढे पनि आयात १४.८ प्रतिशतले बढेकोले व्यापार घाटा बढेको हो । गत वर्षको सोही अवधिमा आयात १०.४ प्रतिशतले बढेको थियो भने निर्यात १३.२ प्रतिशतले बढेको थियो ।

१७. भारतबाट भएको आयात गत वर्ष १८.१ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा २१.२ प्रतिशतले बढेको छ । अन्य मुलुकहरूबाट भएको आयात पनि गत वर्ष ०.९ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ५.६ प्रतिशतले बढेको छ ।

१८. भारत तर्फको निर्यातको वृद्धिदर १५.६ प्रतिशत रहेकोमा अन्य मुलुकतर्फको निर्यात भने ८.५ प्रतिशतले घटेको छ ।

१९. भारत तर्फ निर्यात बढेका बस्तुहरूमा बनस्पति घ्यू, पोलिस्टर धागो, जिंक अक्साइड, तार र जी. आई. पाइप रहेका छन् ।

२०. समीक्षा अवधिमा शोधानान्तर स्थिति रु. ५ अर्व ३२ करोडले बचत रहेको छ । गत वर्ष सोही अवधिमा रु १ अर्व ८० करोडले शोधानान्तर बचत रहेको थियो । विप्रेषण आय वृद्धिले गर्दा शोधानान्तर बचत बढ्न गएको हो ।

२१. समीक्षा अवधिमा समेत विदेशी विनिमय संचिति बढ्ने क्रम यथावत् छ । २०६२ मङ्सिर मसान्तमा विदेशी विनिमय संचिति १०.४ महिनाको वस्तु आयात र ८.८ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने स्तरमा रहेको छ ।

# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६२/६३ को पहिलो पाँच महिनाको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

१. आर्थिक वर्ष २०६२/६३ को प्रथम पाँच महिनासम्ममा दुबै मौद्रिक योगाङ्कहरु अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा उच्च दरले बढेका छन् । विस्तृत मुद्राप्रदाय गत वर्षको २.५ प्रतिशतको तुलनामा समीक्षा अवधिमा ४.८ प्रतिशतले बढेको छ । संकुचित मुद्राप्रदाय गत वर्ष ०.९ प्रतिशतले घटेको विपरित यस आर्थिक वर्षको समीक्षा अवधिमा २.६ प्रतिशतले बढेको छ । खुद वैदेशिक सम्पत्तिको वृद्धिदरमा भएको उल्लेखनीय विस्तार एवं खुद आन्तरिक सम्पत्तिमा भएको वृद्धिको कारण समीक्षा अवधिमा मौद्रिक योगाङ्कहरु उच्च दरले विस्तार भएका हुन् ।

२. मुद्राप्रदायको विस्तारकारी कारकको रुपमा रहेको खुद वैदेशिक सम्पत्ति समीक्षा अवधिमा ४.९ प्रतिशत (रु. ५ अर्व ३२ करोड) ले बढेको छ । गत वर्षको सोही अवधिमा खुद वैदेशिक सम्पत्ति १.७ प्रतिशत ( रु. १ अर्व ८० करोड) ले मात्र बढेको थियो । विदेशस्थित नेपाली कामदारहरुले पठाएको विप्रेषण रकममा वृद्धि भएकोले खुद वैदेशिक सम्पत्तिको वृद्धिदरमा विस्तार भएको हो ।

३. मुद्राप्रदायको अर्को विस्तारकारी कारक, आन्तरिक कर्जा, गत वर्ष ४.१ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा ३.६ प्रतिशतले मात्र बढेको छ । आन्तरिक कर्जाका अंशहरुमध्ये श्री ५ को सरकारमाथिको खुद दावी गत वर्ष ३.० प्रतिशतले घटेकोमा समीक्षा अवधिमा १.५ प्रतिशतले मात्र घटेको छ । मौद्रिक क्षेत्रको गैरवित्तीय संस्थानहरुमाथिको दावी गत वर्ष ३९.८ प्रतिशतले बढेको विपरीत समीक्षा अवधिमा १३.६ प्रतिशतले घटेको छ । नेपाल आयल निगम, नेपाल विद्युत प्राधिकरण, जनक शिक्षा सामग्री केन्द्र लि. तथा नेशनल ट्रेडिङ्ग लिमिटेड जस्ता केही गैरवित्तीय सरकारी संस्थानहरुले वाणिज्य बैंकहरुलाई केही कर्जा चुक्ता गरेका कारण सो दावी घटेको हो । यस्तैगरी, वित्तीय सरकारी संस्थानहरुमाथिको दावी पनि समीक्षा अवधिमा १.५ प्रतिशतले घटेको छ ।

४. आन्तरिक कर्जाको सबैभन्दा महत्वपूर्ण अंश, निजी क्षेत्रमा जाने कर्जा गत वर्ष ६.४ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ६.१ प्रतिशतले मात्र बढेको छ । कर्जा असूलीतर्फ भएको उपलब्धि र व्यापारिक साखमा आयात वृद्धि भएको कारण मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावीको विस्तार दरमा गत वर्षको तुलनामा सामान्य कमी आएको हो ।

५. मुद्राप्रदायको संकुचनकारी कारक खुद अमौद्रिक दायित्व गत वर्ष ६.४ प्रतिशतले बढेको तुलनामा यस वर्ष १.२ प्रतिशतले मात्र वृद्धि भएको छ । कर्जा असूलीतर्फ भएको प्रगतिका कारण कर्जा नोक्सानी व्यवस्थावापत्को रकम घटेको र वाणिज्य बैंकहरुको मुनाफामा पनि कमी आएको कारण खुद अमौद्रिक दायित्वको वृद्धिदरमा ह्रास आएको हो ।

६. मौद्रिक क्षेत्रको खुद आन्तरिक सम्पत्ति गत वर्ष ३.० प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा ४.६ प्रतिशतले बढेको छ । गत वर्ष ६.४ प्रतिशतले विस्तार भएको खुद अमौद्रिक

दायित्व समीक्षा अवधिमा १.२ प्रतिशतले मात्र वृद्धि भएको हुँदा खुद आन्तरिक सम्पत्तिको विस्तार दरमा सामान्य वृद्धि भएको हो ।

७. समीक्षा अवधिमा आवधिक निक्षेपको वृद्धि दरमा भने विस्तार भएको छ । गत वर्ष ४.२ प्रतिशतले बढेको आवधिक निक्षेप समीक्षा अवधिमा ५.८ प्रतिशतले बढेको छ । विप्रेषण आप्रवाह संतोषजनक रहेका कारण आवधिक निक्षेपमा वृद्धि भएको हो ।

८. गत वर्ष ७.० प्रतिशतले घटेको सञ्चित मुद्रा समीक्षा अवधिमा ०.६ प्रतिशत मात्रले घटेको छ । वाणिज्य बैंकहरुले नेपाल राष्ट्र बैंकमा राख्ने मौज्दातमा कमी ल्याए पनि समीक्षा अवधिमा चलनचल्तीमा रहेको मुद्रा बढेका कारण सञ्चित मुद्रा कम दरले घटेको हो ।

९. समीक्षा अवधिमा दुवै मुद्रा गुणकहरुको विस्तार दरमा गत वर्षको तुलनामा कमी आएको छ । संकुचित मुद्रा गुणक गत वर्ष ६.५ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ३.२८ प्रतिशतले मात्र बढी १.०७२ पुगेको छ भने विस्तृत मुद्रा गुणक गत वर्ष १०.२ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ५.४३ प्रतिशतले मात्र बढी ३.२८१ पुगेको छ । समीक्षा अवधिमा चलनचल्तीमा रहेको मुद्रा बढेका कारण मुद्रा गुणकहरूको वृद्धिदरमा कमी आएको हो ।

## विदेशी विनिमय तथा मुद्रा बजार

१०. नेपाल राष्ट्र बैंकले समीक्षा अवधिमा विदेशी मुद्रा बजारमा २३ पटक हस्तक्षेप गऱ्यो । उक्त हस्तक्षेपमध्ये २२ पटकको हस्तक्षेपमा करीव रु. १८ अर्व ६७ करोड बराबरको अमेरिकी डलर खरीद गरी अर्थतन्त्रमा सो रकम बराबरको तरलता प्रवाह भयो भने एक पटकको हस्तक्षेपमा रु. ५२ करोड बराबरको अमेरिकी डलर बिक्री भई सो बराबरको तरलता प्रशोचन भयो । फलस्वरुप, अर्थतन्त्रमा रु. १८ अर्व १५ करोड बराबरको खुद तरलता प्रवाह हुन गयो । यसरी प्रवाहित तरलतालाई नेपाल राष्ट्र बैंकले ट्रेजरी विलको खुला बजार कारोवार, सोझै बिक्री बोलकबोल र रिभर्स रिपो बोलकबोल मार्फत् प्रशोचन गरेको थियो ।

११. मौद्रिक उपायहरुको माध्यमबाट बैंकिङ्ग क्षेत्रमा तरलता प्रवाह र बैंकिङ्ग क्षेत्रबाट अधिक तरलता प्रशोचन गर्ने क्रममा नेपाल राष्ट्र बैंकले समीक्षा अवधिमा सोझै बिक्री बोलकबोलमार्फत् रु. ४ अर्व ७४ करोड बराबरको तरलता प्रशोचन गऱ्यो भने सोझै खरीद बोलकबोलमार्फत् रु ८३ करोड तरलता प्रवाह गऱ्यो । त्यस्तै रिभर्स रिपो बोलकबोलमार्फत रु. २ अर्व बराबरको तरलता प्रशोचन गरियो । यसको फलस्वरुप बैंकिङ्ग क्षेत्रबाट खुद रु. ५ अर्व ९१ करोड बराबरको तरलता प्रशोचन भयो (तालिका नं १) ।

**तालिका नं. १**
**प्रथम पाँच महिनामा भएको खुला वजार कारोवार**

(रु. करोडमा)

| *उपकरणहरू* | *२०६१/६२* | *२०६२/६३* |
|---|---|---|
| खरीद वोलकवोल | ४९.० | ८३.० |
| विकी वोलकवोल | ९५५.० | ४७४.० |
| रिपो वोलकवोल | २६६.० | ० |
| रिभर्स रिपो वोलकवोल | १५०.० | २००.० |
| स्थायी तरलता सुविधा उपयोग | २२३४.०६ | ११७.० |


१२. चालु आर्थिक वर्षको पाँचौ महिनासम्ममा वाणिज्य बैंकहरुको अधिक तरलतामा वृद्धि भएको कारण गत वर्ष २.४ प्रतिशत रहेको ९१ दिने ट्रेजरी विलको भारित औसत ब्याजदर समीक्षा अवधिमा २.२० प्रतिशतमा ओर्लेको छ । त्यसैगरी, भारित औसत अन्तर बैंक कारोवार दर पनि गत वर्ष ३.५४ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ०.९६ प्रतिशतमा ओर्लेको छ । यसै परिस्थितिलाई ध्यानमा राखेर नेपाल राष्ट्र बैंकले २०६२ मंसीर महिनामा रु. ८३ करोड बराबरको ट्रेजरी विल बिक्री बोलकबोल र रु. १ अर्व ५० करोड बराबरको रिभर्स रिपो बोलकबोल गरी रु. २ अर्व ३३ करोड बराबरको तरलता प्रशोचन गऱ्यो ।

**तालिका नं. २**


**अल्पकालीन व्याजदरको स्थिति**

| महिना | भरित औसत ९१ दिने ट्रेजरी विल्स दर | | भरित औसत अन्तरबैक कारोवार दर | |
|---|---|---|---|---|
| | २०६१।६२ | २०६२।६३ | २०६१।६२ | २०६२।६३ |
| श्रावण | ०.६२ | २.२६ | १.०२ | २.४७ |
| भाद्र | ०.६३ | ३.३८ | ०.३९ | ३.८७ |
| आश्विन | १.३४ | ३.१० | ०.८३ | ३.१८ |
| कार्तिक | १.९७ | २.६९ | २.२४ | २.३६ |
| मार्ग | २.४० | २.२० | ३.५४ | ०.९६ |

**चार्ट नं. १**




**चार्ट नं. २**




१३. समीक्षा अवधिमा अन्तरबैंक कारोवारको सघनता अझ बढेको छ । उदाहरणको लागि गत वर्षको प्रथम पाँच महिनासम्ममा रु. ४९ अर्व ६९ करोड बराबरको अन्तरबैंक कारोवार भएकोमा यो पाँच महिनामा सो कारोवार रु. ८३ अर्व १५ करोड पुगेको छ । फलस्वरुप वाणिज्य बैंकहरुले नेपाल राष्ट्र बैंकबाट स्थायी तरलता सुविधा उपयोग गर्ने प्रवृत्तिमा कमी आएको छ । यस सुविधाअन्तर्गत गत वर्षको प्रथम पाँच महिनामा वाणिज्य बैंकहरुले नेपाल राष्ट्र बैंकबाट रु. २२ अर्व ३४ करोड स्थायी तरलता सुविधा लिएका थिए भने समीक्षा अवधिमा सो सुविधा अन्तर्गत रु. १ अर्व १७ करोड मात्र ऋण लिएका छन् (तालिका नं १) ।

१४. वाणिज्य बैंकहरुले नेपाल राष्ट्र बैंकबाट उपयोग गर्ने रुग्ण उद्योग पुनर्कर्जा सुविधा समीक्षा अवधिमा घटेको छ । २०६२ मंसीर मसान्तसम्ममा नेपाल राष्ट्र बैंकबाट वाणिज्य बैंकहरुलाई प्रदान भएको कुल बाँकी रुग्ण उद्योग पुनर्कर्जा सुविधा रु. ५ करोड ८८ लाख छ । गत वर्षको यसै अवधिमा सो सुविधा रु. २४ करोड ९७ लाख थियो ।

१५. वित्तीय क्षेत्र सुधार कार्यक्रम लागू भए पछि वाणिज्य बैंकहरूको निष्कृय कर्जामा केही कमी आएको छ । उदाहरणको लागि आर्थिक वर्ष २०५८।५९ मा निष्कृय कर्जा कुल कर्जाको ३०.४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६१।६२ को अन्तमा निष्कृय कर्जा कुल कर्जाको १८.८ प्रतिशतमा झरेको छ ।

## धितोपत्र बजार गतिविधि

### धितोपत्रको प्राथमिक निष्काशन

१६. आर्थिक वर्ष २०६२/६३ को प्रथम पाँच महिनामा नेपाल धितोपत्र बोर्डले छ वटा वित्तीय संस्थाहरुलाई साधारण शेयर, अग्राधिकार शेयर र ऋणपत्र निष्काशन गर्नको लागि स्वीकृति प्रदान गरेको छ । जसअनुसार सिद्धार्थ बैंक लिमिटेडले रु. १५ करोड बराबरको साधारण शेयर निष्काशन गरेको छ भने सिर्जना फाइनान्स लिमिटेड र प्रुडेन्सियल फाइनान्सियल इन्स्टिच्युट लिमिटेडले क्रमशः रु. ४० लाख र रु. २ करोड ४५ लाख बराबरको साधारण शेयर निष्काशन गरेका छन् । यसरी नै बैंक अफ काठमाडौंले रु. २० करोड बराबरको डिबेञ्चर निष्काशन गरेको छ । साथै समीक्षा अवधिमा कुमारी बैंक लिमिटेडले रु. १२ करोड ५० लाख बराबरको अग्राधिकार शेयर निष्काशन गर्न धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेको छ । सबै गरेर प्राथमिक बजारमा झण्डै रु. ३८ करोड बराबरको शेयर तथा डिबेञ्चर निष्काशन भएको छ । मर्चेन्ट फाइनान्स कम्पनीले रु. १ करोड २० लाख बराबरको साधारण शेयर निष्काशन गर्न अनुमति पाएकोमा उक्त कम्पनीले अहिलेसम्म पनि शेयर निष्काशन गरेको छैन ।

### धितोपत्रको दोस्रो बजार अवस्था


१७. आर्थिक वर्ष २०६२/६३ को प्रथम पाँच महिनामा धितोपत्र बजारको गतिविधि विस्तार हुने क्रम जारी छ । नेप्से सूचकाङ्कमा भएको वृद्धि, धितोपत्र बजारमा सूचीकृत हुने कम्पनीहरुको संख्यामा भएको बढोत्तरी, बजार पूँजीकरणमा भएको वृद्धि र सूचीकृत शेयरमा भएको वृद्धिले यस कुराको पुष्टि गरेको छ ।

१८. बिन्दुगत आधारमा २०६२ मार्ग मसान्तमा नेप्से सूचकाङ्क ६६.७ बिन्दु (२८.२ प्रतिशत) ले बढेर ३०३.१२ बिन्दुमा पुगेको छ भने चालु आर्थिक वर्षको प्रथम पाँच महिनामा समेत नेप्से परिसूचक बढ्ने क्रम जारी छ । यस अवधिमा नेप्से परिसूचकमा भएको वृद्धिको कारणमा वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषण रकममा क्रमिक वृद्धि हुनु, अर्थतन्त्रमा लगानीका अवसरहरु पर्याप्त नहुनु तथा बजारको वास्तविक ब्याजदर न्यून रहनु मुख्य कारकका रुपमा रहेका छन् ।

१९. नेपाल स्टक एक्स्चेन्जमा सूचीकृत भएका कम्पनीहरुको संख्या २०६१ मार्ग मसान्तमा ११८ रहेकोमा २०६२ मार्ग मसान्तमा बढेर १२७ पुगेको छ । जसमध्ये ८१ वटा (६३.८ प्रतिशत) वित्तीय संस्था, २९ वटा उत्पादन र प्रशोधन गर्ने उद्योगहरु, ४ वटा होटल, ८ वटा व्यापारिक संस्थाहरु र ५ वटा अन्य समूहमा रहेका छन् ।

२०.	बिन्दुगत आधारमा २०६२ मार्ग मसान्तमा बजार पूँजीकरण ४९.२ प्रतिशतले वृद्धि भई रु. ६९.३ अर्ब पुगेको छ । यस अवधिमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १३.० प्रतिशत रहेको छ । गत वर्ष यस्तो अनुपात ९.४ प्रतिशत रहेको थियो । सूचीकृत कम्पनीहरुको बजार पूँजीकरणमध्ये वित्तीय संस्थाहरुले ८२.३ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रले ७.१ प्रतिशत, होटलहरुले ३.३ प्रतिशत, व्यापारिक संस्थाहरुले १.० प्रतिशत र अन्यले ६.३ प्रतिशत अंश ओगटेका छन् ।

**चार्ट नं. ३**




२१.	त्यसैगरी, बिन्दुगत आधारमा सूचीकृत कम्पनीहरुको चुक्ता पूँजी २०६२ मार्ग मसान्तमा ३२.७ प्रतिशतले वृद्धि भई रु. १७ अर्ब ४६ करोड पुगेको छ । खासगरी केही नयाँ संस्थाहरु नेप्सेमा सूचिकृत भएकोले तथा वित्तीय संस्थाहरुले थप शेयर निष्काशन गरेकोले चुक्ता पूँजीमा वृद्धि भएको हो ।

२२.	धितोपत्र बजारको विस्तारको साथसाथै त्यसको तरलतामा पनि वृद्धि देखिएको छ । धितोपत्र बजारको तरलताको परिसूचक (कारोबारको बजार पूँजीकरणसँगको अनुपात) २०६१ मार्ग मसान्तमा ०.३४ प्रतिशत रहेकोमा यस वर्षको सोही अवधिमा बढेर ०.४७ प्रतिशत पुगेको छ ।

२३.	नेपालको धितोपत्र बजारलाई आधारभूत रुपमा वाणिज्य बैंकहरुको धितोपत्रले बढी मात्रामा प्रभावित गरेको देखिन्छ । उदाहरणको लागि २०६२ मार्ग महिनामा भएको कुल रु. ३२ करोड ६९ लाखको कारोबारमा वाणिज्य बैंकहरुको अंश ७३.३ प्रतिशत र वित्त कम्पनीहरुको अंश १२.४ प्रतिशत रहेको छ । यसबाट उत्पादन तथा प्रशोधन, होटल र व्यापारिक समूहको शेयर कारोबार नगण्य मात्रामा रहेको स्पष्ट हुन्छ । समीक्षा अवधिमा वाणिज्य बैंकहरुको तुलनामा वित्त कम्पनीहरुको शेयर कारोबारमा वृद्धि भएको देखिन्छ । २०६१ मार्ग महिनाको कुल शेयर कारोबारमा वित्त कम्पनी र वाणिज्य बैंकहरुको अंश क्रमशः ११.२ प्रतिशत र ८५.३ प्रतिशत रहेकोमा यस वर्ष वित्त कम्पनीको शेयरको कारोबारको अंश बढेको छ भने वाणिज्य बैंकहरुको शेयरको करोबार अंश घटेको छ ।

२४. विगत १२ महिनाको नेप्सेको Rolling Standard Deviation (जसले नेप्सेको उतारचढावको मापन गर्छ)* गत वर्षको सोही अवधिको तुलनामा वृद्धि भएको पाइएको छ । २०६१ पौषदेखि २०६२ मार्ग महिना सम्मको Standard Deviation १९.२ रहेको छ भने अघिल्लो वर्षको सोही अवधिको Standard Deviation १५.१ रहेको थियो । यसले नेपाली धितोपत्र बजारमा शेयरहरुको कारोबारमा बढी उतारचढाव आएको संकेत गर्दछ भने यसले उक्त बजारको बढ्दो जोखिमलाई पनि प्रकट गर्दछ ।

## मुद्रास्फीति

### (क) प्रकट मुद्रास्फीति (Headline Inflation)

२५. वार्षिक विन्दुगत आधारमा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क (२०५२।५३ = १००) २०६२ मार्गमा ८.८ प्रतिशतले बढेको छ । २०६१ मार्गमा यस्तो बृद्धिदर ३.१ प्रतिशत मात्र रहेको थियो । गत वर्षको दाँजोमा मूल्य सूचकाङ्कमा बढी दरले वृद्धि हुनुमा चामल तथा चामलजन्य पदार्थको मूल्यमा भएको उच्च वृद्धि लगायत पेट्रोलियम पदार्थको मूल्य वृद्धिबाट घरायसी सरसामान तथा सेवाहरु, यातायात एवं सञ्चारका साथै रेष्टुराँको खानाको मूल्यमा भएको वृद्धि प्रमुख कारकको रुपमा रहेका छन् । साथै समीक्षा अवधिमा तरकारी तथा फलफूल, दलहन; र पेय पदार्थका साथै शिक्षा, शैक्षिक सामाग्री तथा मनोरञ्जनको मूल्यमा भएको वृद्धिले समेत मूल्य सूचकाङ्कको वृद्धिदर उच्च रहन गएको हो । २०६१ मार्गमा १५९.० विन्दुमा रहेको समग्र मूल्य सूचकाङ्क २०६२ मार्गमा १७३.० विन्दुमा पुगेको छ । २०६० पौषदेखि २०६१ मंसिर महिनासम्मको औषत मूल्य वृद्धिदर २.९ प्रतिशत रहेकोमा यस वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ६.८ प्रतिशत रहन गएको छ ।

२६. खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क गत वर्षको मार्गमा ३.० प्रतिशतले बढेकोमा यस वर्षको मार्गमा ९.३ प्रतिशतले बढेको छ । अन्न तथा अन्नबाट बनेका परिकारहरु, तरकारी तथा फलफूल, रेष्टुराँको खाना, पेय पदार्थ, एवं दलहनको मूल्य बढेको कारण गत वर्षको तुलनामा समीक्षा अवधिमा यस समूहको मूल्य सूचकाङ्क बढेको हो । यस समूह अन्तर्गतका उप-समूहहरुमध्ये अन्न तथा अन्नबाट बनेका परिकारहरु (१४.९ प्रतिशत), तरकारी तथा फलफूल (११.२ प्रतिशत), दलहन (९.५ प्रतिशत), पेय पदार्थ तथा रेष्टुराँको खाना (प्रत्येकमा ८.६ प्रतिशत), चिनी तथा चिनीजन्य पदार्थ (६.२ प्रतिशत), दूध तथा दुग्ध पदार्थ (४.५ प्रतिशत), मासु, माछा तथा फुल (३.६ प्रतिशत) का साथै मरमसला (१.१ प्रतिशत) को मूल्यमा वृद्धि हुन गएको छ भने तेल तथा घ्यूको मूल्यमा २.३ प्रतिशतले ऱ्हास आएको छ ।

२७. यस वर्षको मार्गमा गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क ८.३ प्रतिशतले बढ्न गएको छ । गत बर्षको सोही महिनामा यस्तो मूल्य सूचकाङ्क ३.२ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धिको प्रभावबाट घरायसी वस्तु तथा सेवा एवं यातायात तथा संचारको मूल्यमा परेको उच्च चापको कारण यस समूहको मूल्य सूचकाङ्कमा बढी दरले वृद्धि हुन गएको हो । यस समूह अन्तर्गतका उप-समूहहरुमा यातायात तथा संचार (१६.९ प्रतिशत), घरायसी सामान तथा सेवाहरु (१३.६ प्रतिशत),

---

* शेयर बजारको उतारचढाव मापन गर्न १२ महिनाको अन्तराल लिई Rolling Standard Deviation लाई सूचकको रुपमा लिइएको ।


शिक्षा, शैक्षिक सामाग्री तथा मनोरञ्जन (५.५ प्रतिशत), सूर्ती तथा सूर्तीजन्य पदार्थ (५.१ प्रतिशत), लत्ता कपडा तथा तयारी लुगा (३.३ प्रतिशत), जुत्ता (३.१ प्रतिशत) साथै औषधि तथा व्यक्तिगत हेरचाह (२.२ प्रतिशत) सबैको मूल्यमा वृद्धि भएको छ।

२८. क्षेत्रगत आधारमा काठमाडौं उपत्यका, तराई र पहाडमा क्रमशः ६.९ प्रतिशत, ९.७ प्रतिशत र ९.५ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ। गत वर्षको यसै अवधिमा यस्तो वृद्धिदर क्रमशः ४.६ प्रतिशत, २.६ प्रतिशत र २.३ प्रतिशत मात्र रहेको थियो।

## (ख) तात्विक मुद्रास्फीति (Core Inflation)*

२९. २०६२ मार्गमा बार्षिक प्रकट मुद्रास्फीति ८.८ प्रतिशत रहेकोमा तात्विक मुद्रास्फीति ४.६ प्रतिशत मात्र रहेको छ। गत वर्षको यसै अवधिमा तात्विक मुद्रास्फीति दर ३.१ प्रतिशत मात्र रहेको थियो।

**चार्ट नं. ४**




## (ग) राष्ट्रिय थोक मूल्य सूचकाङ्क

३०. वार्षिक विन्दुगत आधारमा राष्ट्रिय थोक मूल्य सूचकाङ्क (२०५६।५७ = १००) २०६२ मार्ग महिनामा १२.९ प्रतिशतले बृद्धि भई १३४.३ विन्दुमा पुगेको छ। गत वर्षको यसै अवधिमा यस्तो वृद्धिदर ४.४ प्रतिशत मात्र रहेको थियो। गत वर्षको तुलनामा समीक्षा अवधिमा लत्ताकपडाको मूल्यमा ह्रास आएतापनि खाद्यान्न, तरकारी तथा फलफुल एवं नगदेबालीको मूल्यमा भएको वृद्धिको साथै रसायनिक मल तथा रसायनिक बस्तु एवं पेट्रोलियम पदार्थ र कोइलाको मूल्यमा भएको उच्च दरको वृद्धिबाट समग्र मूल्य सूचकाङ्कमा बढी दरले वृद्धि हुन गएको छ। समूहगत रुपमा कृषि सम्बन्धी बस्तुहरु, स्वदेशमा उत्पादित बस्तुहरु र

* मुद्रास्फीतिमा आपूर्ति पक्षबाट पर्ने प्रभाव र उतारचढाव भइरहने जस्तै खाद्यान्नको मूल्य, उर्जाको मूल्य, सरकार निर्धारित मूल्य र अप्रत्यक्ष करलाई हटाएर माग पक्षबाट मात्र प्रभावित हुने मूल्य स्थिति थाहा पाउनको लागि विश्वका धेरै केन्द्रीय बैंकहरुले तात्विक (core) मुद्रास्फीति निकाल्न थालेका छन्। तात्विक मुद्रास्फीतिदरको गणनाको लागि प्रचलित तरिकाहरुमा exclusion method, weighted median method र trimmed mean method (outline method) पर्दछन्। नेपालको तात्विक मुद्रास्फीत निकाल्न भने हाललाई exclusion method लाई अपनाइएको छ। यसअनुसार, चामल तथा चामलजन्य पदार्थ, तरकारी तथा फलफूल, इन्धन, बत्ती तथा पानी र यातायातलाई हटाएर तात्विक मुद्रास्फीत निकालिएको छ।

आयातित बस्तुहरुको मूल्य सूचकाङ्कमा क्रमशः १६.८ प्रतिशत, ४.४ प्रतिशत र १२.४ प्रतिशतले वृद्धि भएको छ। २०६१ पौषदेखि २०६२ मार्ग महिनासम्मको औषत मूल्य वृद्धिदर ९.३ प्रतिशत रहेको छ। गत वर्ष यस्तो मूल्य वृद्धिदर ४.८ प्रतिशत रहेको थियो।

**(घ) राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क**

३१. आर्थिक वर्ष २०५७।०५८ लाई आधार वर्ष मानी आन्तरिक प्रयोजनका लागि राष्ट्रिय ज्यालादर सूचकाङ्कको निर्माण गरिंदै आएकोमा ज्यालादर तथ्याङ्कलाई परिमार्जन गर्नुको साथै तलव सम्बन्धी तथ्याङ्कलाई समेत थप गरी चालु आर्थिक वर्षको श्रावण महिनादेखि राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क निर्माण गरिएको छ।

३२. बिन्दुगत आधारमा राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क (२०६०।६१ = १००) २०६२ मार्गमा ३.६ प्रतिशतले बढेको छ। तलब तथा ज्यालादर सूचकाङ्कमा वृद्धि आउनुमा अन्य ज्यामीको ज्यालादरमा कमी आएता पनि कृषि तथा औद्योगिक मजदूरहरुको ज्यालादरमा भएको वृद्धिका साथै बैंक, वित्तीय संस्था र सार्वजनिक संस्थानहरुमा भएको तलब वृद्धि नै प्रमुख कारकको रुपमा देखिएका छन्। तलब र ज्यालादर सूचकाङ्कमा क्रमशः ०.४ र ४.७ प्रतिशतले वृद्धि भएको छ।

## सरकारी वित्त स्थिति

३३. आर्थिक वर्ष २०६२/६३ को पहिलो पाँच महिनासम्ममा नगद प्रवाहमा आधारित समग्र सरकारी वित्त स्थिति गत वर्षको यसै अवधिको तुलनामा विस्तारकारी रह्यो। तर, समीक्षा अवधिमा बजेटरी संतुलन/असन्तुलनको स्थिति भने मिश्रित प्रकारको रहेको छ।

३४. बजेटरी सन्तुलन/असन्तुलनका तीन परिसूचकहरु मध्ये वित्तीय घाटा (कुल सरकारी खर्चमा गैरऋण साधन घटाउँदा आउने रकम) कुल सरकारी खर्चको अनुपातमा गत वर्ष १.७ प्रतिशत रहेकोमा समीक्षा अवधिमा १.९ प्रतिशत रहेको छ। स्थानीय निकायको खातामा रहेको रु. २ अर्ब ६५ करोड हटाउँदा वित्तीय घाटा कुल सरकारी खर्चको १०.५ प्रतिशतसम्म पुग्न जान्छ। पूँजीगत खर्च (फ्रिज खर्च समेत) मा आएको बढोत्तरीले गर्दा वित्तीय घाटा उल्लेखनीय रुपमा विस्तार हुन गएको हो।


**तालिका नं. ३**
**सरकारी बजेट रुझान**
(प्रथम पाँच महिना)

(रु. करोडमा)

| | | २०६१/६२ | २०६२/६३ |
|---|---|---|---|
| १ | **राजस्व सन्तुलन** (राजस्व–साधारण खर्च) | –२०६.२७ | –१७४.७८ |
| | साधारण खर्च | २३६१.२४ | २५४०.०५ |
| | *चालु खर्च* | *१९९१.१९* | *२२७२.८२* |
| | *साँवा भुक्तानी* | *३७०.०५* | *२६७.२३* |
| | राजस्व | २१५४.९७ | २३६५.२७ |
| २. | **वित्तीय सन्तुलन** (कुल गैर-ऋण साधन–कुल खर्च) | –४६.१८ | –५६.९७ |
| | कुल खर्च | २७१३.२१ | ३०५९.८२ |
| | कुल गैर-ऋण साधन | २६६७.०३ | ३००२.८५ |
| | स्थानीय निकाय खाता बाहेकको वित्तीय घाटा | –४६.१८ | –३२२.४० |
| | *स्थानीय निकाय खाता* | ०.० | २६५.४३ |
| ३ | **ब्याज भुक्तानी** | २०७.७६ | १८५.२२ |
| | आन्तरिक | ८८.१० | ९८.८४ |
| | बाह्य | ११९.६६ | ८६.३८ |
| ४ | प्राथमिक घाटा (वित्तीय घाटा–ब्याज भुक्तानी ) | १६१.५८ | १२८.२५ |
| | स्थानीय निकाय खाता बाहेकको प्रारम्भिक घाटा | १६१.५८ | –१३७.१८ |
| ५ | **कुल सरकारी खर्च** | **२७१३.२१** | **३०५९.८२** |
| | **कुल खर्चसंगको अनुपात (प्रतिशतमा)** | | |
| | राजस्व सन्तुलन | –७.६ | –५.७ |
| | वित्तीय सन्तुलन | –१.७ | –१.९ |
| | स्थानीय निकाय खाता बाहेकको वित्तीय घाटा | –१.७ | –१०.५ |
| | प्राथमिक घाटा | ६.० | ४.२ |
| | स्थानीय निकाय खाता बाहेकको प्रारम्भिक घाटा | ६.० | –४.५ |

३५. कुल सरकारी खर्चमा फ्रिज खाता सहित पूँजीगत खर्चको हिस्सा गत वर्षको प्रथम पाँच महिनामा १३.० प्रतिशत रहेकोमा समीक्षा अवधिमा १७.० प्रतिशत पुगेको छ । कुल सरकारी खर्चमा चालू खर्च (साँवा भुक्तानी समेत) को अंश भने गत वर्ष ८७.० प्रतिशत रहेकोमा समीक्षा अवधिमा ८३.० प्रतिशतमा झरेको छ । पूँजीगत खर्च (फ्रिज खर्च समेत) मा भएको उल्लेखनीय वृद्धिले गर्दा कुल सरकारी खर्च समीक्षा अवधिमा १२.८ प्रतिशतले बढेको छ जबकि गत वर्षको सोही अवधिमा ९.९ प्रतिशतले मात्र बढेको थियो ।

चार्ट नं. ५




३६. अर्को वित्तीय परिसूचक राजस्व घाटामा भने समीक्षा अवधिमा केही सुधार आएको छ। कुल सरकारी खर्चको तुलनामा राजस्व घाटा (राजस्वमा चालू खर्च र साँवा भुक्तानी घटाउँदा) गत वर्ष ७.६ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ५.७ प्रतिशत रहेको छ । समीक्षा अवधिमा राजस्व परिचालनमा आएको सुधारले गर्दा, गत वर्ष ५.९ प्रतिशतले बढको राजस्व समीक्षा अवधिमा ९.८ प्रतिशतले बढ्न गएको छ भने साँवा भुक्तानीमा आएको कमीका कारण राजस्व घाटामा गत वर्षको तुलनामा सुधार आएको छ।


३७. सरकारी वित्तको अर्को महत्वपूर्ण परिसूचक प्राथमिक घाटा (वित्तीय घाटामा ब्याज भुक्तानी घटाउँदा हुन आउन रकम) समीक्षा अवधिमा कुल सरकारी खर्चको ४.२ प्रतिशतले बचत रहन गयो जबकि गत वर्ष ६.० प्रतिशतले बचत रहेको थियो। स्थानीय निकायको खातामा रहेको रु. २ अर्ब ६५ करोड रकम हटाउँदा भने प्राथमिक घाटा समीक्षा अवधिमा कुल सरकारी खर्चको ४.५ प्रतिशत हुन जान्छ।

३८. समीक्षा अवधिमा रु. १ अर्ब ६९ करोड बाह्य ऋण परिचालन भएकोमा सो रकमबाट उपरोक्त बजेट घाटा पूर्ति गरी बाँकी रकम रु. २ अर्ब २३ करोड सरकारको खातामा बचत रहन गएको छ। फलस्वरुप, गत आषाढ मसान्तको तुलनामा २०६२ मंसिर मसान्तमा कुल आन्तरिक सरकारी ऋण १.२ प्रतिशतले घटेर रु. ८९ अर्ब १० करोडमा झरेको छ।

## राजस्व परिचालन

३९. आर्थिक वर्ष २०६२/६३ को प्रथम पाँच महिनामा संकलित राजस्व रकममध्ये कर राजस्व ९.५ प्रतिशतले वृद्धि भई रु. २० अर्ब ३१ करोड पुगेको छ। उक्त अवधिमा गैर कर राजस्व ११.३ प्रतिशतले बढेर रु. ३ अर्ब ४० करोड पुगेको छ। गत वर्ष यसै अवधिमा कर राजस्व १५.४ प्रतिशतले बढेको थियो भने गैर कर राजस्व ३०.९ प्रतिशतले घटेको थियो । यस अवधिमा मूल्य अभिवृद्धि करबाट संकलित राजस्वमा उल्लेख्य वृद्धि भएकाले कर राजस्वमा वृद्धि आएको हो।

चार्ट नं. ६




४०. समीक्षा अवधिमा परिचालित कर राजस्वमध्ये प्रत्यक्ष कर ५.३ प्रतिशतले वृद्धि भई रु. ३ अर्ब ३७ करोड पुगेको छ भने अप्रत्यक्ष कर १०.४ प्रतिशतले वृद्धि भई रु. १६ अर्ब ९४ करोड पुगेको छ । गत वर्ष प्रत्यक्ष कर २१.६ प्रतिशतले र अप्रत्यक्ष कर १४.२ प्रतिशतले वृद्धि भएको थियो । घर जग्गा रजिष्ट्रेशनबाट प्राप्त राजस्व परिचालनमा वृद्धि भएको भए तापनि संस्थागत (corporate) आयकरका सबै शीर्षकबाट प्राप्त आयकर राजस्वमा उल्लेख्य ह्रास आएको हुँदा प्रत्यक्ष कर राजस्वको वृद्धि दरमा कमी आएको हो । अप्रत्यक्ष कर राजस्वतर्फ मूल्य अभिवृद्धि कर अन्तर्गतका सबै शीर्षकहरुबाट सन्तोषजनक रुपमा राजस्व परिचालन भएको कारण यस शीर्षकबाट प्राप्त राजस्व उच्च दरले वृद्धि भएको छ । गत वर्ष यसै अवधिमा मूल्य अभिवृद्धि कर १६.२ प्रतिशतले वृद्धि भएको थियो । २०६१ माघदेखि लागु हुने गरी मूल्य अभिवृद्धि करको दरमा ३ प्रतिशत विन्दुले वृद्धि भएको कारण समेतले यस शीर्षकबाट परिचालित राजस्वमा वृद्धि भएको हो । चालु आर्थिक वर्षको यस अवधिसम्म पनि भारतीय अन्तःशुल्क फिर्ता रकम प्राप्त हुन नआएको कारण भन्सार राजस्वमा ह्रास आएको छ ।

## राजस्व संरचना


४१. चालु आर्थिक वर्षको प्रथम पाँच महिनासम्ममा संकलित कुल राजस्व रकममा कर राजस्वको अंश ८५.७ प्रतिशत र गैर कर राजस्वको अंश १४.३ प्रतिशत रहेको छ । गत वर्ष यो अनुपात क्रमशः ८५.९ प्रतिशत र १४.१ प्रतिशत रहेको थियो । यसैगरी कुल कर राजस्वमा प्रत्यक्ष तथा अप्रत्यक्ष कर राजस्वको अनुपात क्रमशः १६.६ प्रतिशत र ८३.४ प्रतिशत रहेको छ । गत वर्ष यो अनुपात क्रमशः १७.३ प्रतिशत र ८२.७ प्रतिशत थियो । कुल राजस्व परिचालनमा मूल्य अभिवृद्धि करबाट सबैभन्दा बढी ३६ प्रतिशत राजस्व परिचालन भएको छ भने त्यसपछि भन्सार महसुलबाट २४.७ प्रतिशत र आयकरबाट ९.७ प्रतिशत राजस्व परिचालन भएको छ । गत वर्ष कुल राजस्वमा मूल्य अभिवृद्धि करको अंश २८.२ प्रतिशत, भन्सार महसुलको अंश २९.३ प्रतिशत र आयकरको अंश १२.२ प्रतिशत थियो ।

## बैदेशिक व्यापार

४२. आर्थिक वर्ष २०६२/६३ को प्रथम पाँच महिनामा गत वर्षको तुलनामा बैदेशिक व्यापार संरचनामा केही परिवर्तनहरु देखिएका छन् ।

४३. गत वर्षको प्रथम पाँच महिनामा १३.२ प्रतिशतले बढेको कुल निर्यात समीक्षा अवधिमा ६.८ प्रतिशतले बढेको छ । भारततर्फको निर्यात गत वर्ष ३४.१ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा १५.६ प्रतिशतले बढेको छ भने अन्य मुलुकतर्फको निर्यात गत वर्ष १०.८ प्रतिशतले घटेकोमा यस वर्ष थप ८.५ प्रतिशतले ह्रास भएको छ ।

**चार्ट नं. ७**





४४. वनस्पति घ्यू, पोलिस्टर धागो, जस्ता पाता, तयारी पोशाक, जी.आइ. पाइप र तारको निर्यातमा उल्लेख्य वृद्धि भएको कारण भारततर्फको निर्यात बढेको हो भने ऊनी गलैंचा, तयारी पोशाक र नेपाली कागज एवं त्यसबाट निर्मित सामानको निर्यातमा आएको ह्रासको कारण अन्य मुलुकतर्फको निर्यात घट्न गएको हो ।

४५. यस आर्थिक वर्षको प्रथम पाँच महिनामा कुल आयात १४.८ प्रतिशतले बढ्न गएको छ । गत वर्षको सोही अवधिमा कुल आयात १०.४ प्रतिशतले बढेको थियो । भारतबाट भएको आयात गत वर्षको प्रथम पाँच महिनामा १८.१ प्रतिशतले बढेकोमा यस वर्ष २१.२ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी अन्य मुलुकबाट भएको आयात पनि समीक्षा अवधिमा ५.६ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा अन्य मुलुकबाट भएको आयात ०.९ प्रतिशतको न्यून दरले बढेको थियो ।

४६. भारतबाट पेट्रोलियम पदार्थ, चामल, रसायन, एम. एस. विलेट, औषधि, धागो र सीमेन्ट एवं अन्य मुलुकबाट कच्चा पाम तेल, टेक्सटाइल डाई, पाम तेल, एम.एस. विलेट, विद्युतीय सामाग्री, प्लाष्टिक दाना, कच्चा सोयाविन तेल र एम. एस. वायर रडको आयातमा वृद्धि

आएको कारण आर्थिक वर्ष २०६२/६३ को प्रथम पाँच महिनामा कुल आयात यसरी बढ्न गएको हो ।

**चार्ट नं. ८**




४७. परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भारतबाट आयात गर्न सकिने वस्तुसूचीमा आर्थिक वर्ष २०६२/६३ को मंसिर मसान्तसम्ममा तीन वटा नयाँ वस्तुहरु (फर्नेस आयल, प्लाष्टिक पेट चीप्स/ पेट रेजीन र न्यूजप्रीन्ट पेपर) थप गरिएको छ । फलस्वरुप भारतबाट भएको कुल आयातमा परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भएको आयातको अंश गत वर्षको १६.१ प्रतिशतबाट बढी यस वर्ष ३०.७ प्रतिशत पुगेको छ ।

४८. निर्यातको तुलनामा आयात बढेको कारण समीक्षा अवधिमा व्यापार घाटा २०.२ प्रतिशतले विस्तार भएको छ । गत वर्षको प्रथम पाँच महिनामा व्यापार घाटा ८.५ प्रतिशतले बढेको थियो ।

## शोधनान्तर स्थिति

४९. मौद्रिक तथ्यांक अनुसार गत वर्षको प्रथम पाँच महिनामा रु. १ अर्व ८० करोडको समग्र शोधनान्तर बचत भएको तुलनामा आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा रु. ५ अर्व ३२ करोडको शोधनान्तर बचत भएको छ । निजी क्षेत्रको विप्रेषण आप्रवाहमा उल्लेख्य वृद्धि आएको कारण शोधनान्तर बचतमा यसरी वृद्धि भएको हो ।

५०. शोधनान्तर तथ्यांक अनुसार आर्थिक वर्ष २०६२/६३ को प्रथम चार महिनामा चालु खाता रु. २ अर्व ३९ करोडले घाटामा रहेको छ । गत वर्षको सोही अवधिमा चालु खातामा रु. ८ अर्व ५८ करोड बराबरको बचत रहेको थियो । निजी क्षेत्रको विप्रेषण आप्रवाह गत वर्षको चार महिनामा ७.४ प्रतिशतले घटेको तुलनामा यस वर्ष ३०.३ प्रतिशतको उल्लेख्य दरले वृद्धि भएको छ । विप्रेषण आप्रवाहमा वृद्धि भएतापनि निर्यातको तुलनामा आयात अत्याधिक दरले बढेको कारण यस वर्ष चालु खाता घाटामा रहन गएको हो ।


५१. पूँजी खाता अन्तर्गत यस वर्ष रु. १ अर्ब १८ करोड पूँजीगत ट्रान्सफर प्राप्त भएको छ । गत वर्ष पूँजीगत ट्रान्सफर रु. ४७ करोड प्राप्त भएको थियो ।

५२. वित्तीय खाता अन्तर्गत, यस आर्थिक वर्षको प्रथम चार महिनामा श्री ५ को सरकारले रु. १ अर्ब २२ करोड बराबर बैदेशिक ऋण प्राप्त गरेको छ भने रु १ अर्ब ७९ करोड साँवा भुक्तानी गरेको छ । फलस्वरुप, यस अवधिमा खुद सरकारी ऋण आप्रवाह रु. ५७ करोडले ऋणात्मक रहन गएको छ । श्री ५ को सरकारले गत वर्षको प्रथम चार महिनामा रु. ८२ करोड बैदेशिक ऋण लिएको थियो । समीक्षा अवधिमा विदेशी मुद्रा तथा निक्षेप दायित्व रु. १ अर्ब ७७ करोडले घटेको छ ।

## विदेशी विनिमय संचिति

५३. २०६२ आषाढ मसान्तको तुलनामा मंसिर मसान्तमा कुल विदेशी विनिमय संचिति ७.८ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ४० अर्ब ६ करोड पुगेको छ । गत वर्षको मंसिर मसान्तमा यस्तो संचितिमा १.४ प्रतिशतले ह्रास भएको थियो । विद्यमान कुल संचितिमा परिवर्त्य संचितिको अंश गत वर्षको ९७.४ प्रतिशतबाट घटेर ९५.५ प्रतिशतमा झरेको छ भने सोही अनुसार अपरिवर्त्य संचितिको अंश २.६ प्रतिशतबाट बढेर ४.५ प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०६२/६३ को पहिलो पाँच महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको विद्यमान स्तरले १०.४ महिनाको वस्तु आयात र ८.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको कारण संचितिको स्तर सुविधाजनक रहेको छ ।

**चार्ट नं. ९**




## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

५४. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६१ मंसिर मसान्तमा प्रति व्यारल अमेरिकी डलर ४०.६७ रहेकोमा २०६२ मंसिर मसान्तमा ४७.३

प्रतिशतको उच्च दरले वृद्धि भई प्रति व्यारल अमेरिकी डलर ५९.८९ पुगेको छ । यसै गरी सुनको मूल्य २०६१ मंसिर मसान्तको तुलनामा २०६२ मंसिर मसान्तमा १५.३ प्रतिशतले बृद्धि भई प्रति आउन्स अमेरिकी डलर ४३९.०० बाट अमेरिकी डलर ५०६.२५ पुगेको छ ।

५५. २०६१ आषाढ मसान्तको तुलनामा २०६१ मंसिर मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ३.७ प्रतिशतले अधिमूल्यन भई अमेरिकी डलर एक को विनिमय दर रु. ७१.४९ रहेकोमा २०६२ को सोही अवधिमा ने.रु. अमेरिकी डलरसँग ४.६ प्रतिशतले अवमूल्यन भई मंसिर मसान्तमा उक्त विनिमय दर रु. ७३.७५ रहन गएको छ ।

*****